**<u>निर्णयहरु:</u>**

१. प्रदेशस्थित सबै मन्त्रालय/सचिवालय/आयोगले आ-आफ्नो कार्यालयको वेवसाइट नियमित रुपमा अद्यावधिक गर्ने। मातहतका निकायहरुलाई पनि सोही बमोजिम गर्न लगाई सो को अनुगमन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रास/४२१/२१५४ मिति २०८०/०८/१ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २२ बुँदे सुझाव कार्यान्वयन सम्बन्धी पत्रको व्यहोरा जानकारी गरियो। सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २२३३३, मिति २०८०/७/१५ को पत्रानुसार लेखिआएका सुझावहरु कार्यान्वयनको लागि प्रदेशस्थित सबै मन्त्रालय/सचिवालय/आयोगमा पठाउने। उक्त विषय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगले मातहतका निकायमा समेत पत्राचार गरी सुझाव कार्यान्वयनको जानकारी सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने।

३. चालु आ.व. को वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयनमा सीघ्रता ल्याउने ।

४. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/७/२३ को निर्णयानुसार सुदूरपश्चिम प्रदेशको कायममुकायम प्रमुख सचिवको रुपमा खटिई आउनुभएका का.मु. प्रमुख सचिव डा. हरि प्रसाद लम्सालज्यूलाई प्रदेश सचिवज्यूहरुको तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो।